जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

रा.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १६ २०७९ साल मंसिर ११ गते आइतवार (27 Nov 2022 Sunday) मूल्य रु. ७/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** कोरोना, डेंगु र पेन्डोराको ... **पृष्ठ ३ मा :** कसरी गर्न सकिन्छ सार्वजनिक ... **पृष्ठ ४ मा :** घर पछाडि भेटियो सर्वाधिक ठूलो ... **पृष्ठ ५ मा :** संसारकै सबैभन्दा महंगो ...

## चार प्रतिनिधिसभा मध्ये दुईमा काँग्रेस तथा एक/एकमा जसपा र जनमत


## सीकेको पहिलो, नवल किशोरको दोश्रो र दिनेशको चौथो प्रयासमा सफल तथा तेजुलालको ह्याट्रीक जित



**नवल किशोर साह (जसपा)**
**प्रतिनिधिसभा सदस्य सप्तरी क्षेत्र नं. १**



**डा. सीके राउत (जनमत)**
**प्रतिनिधिसभा सदस्य सप्तरी क्षेत्र नं. २**



**दिनेश कुमार यादव (काँग्रेस)**
**प्रतिनिधिसभा सदस्य सप्तरी क्षेत्र नं. ३**



**तेजुलाल चौधरी (काँग्रेस)**
**प्रतिनिधिसभा सदस्य सप्तरी क्षेत्र नं. ४**

**राजविराज**/सप्तरीको चार वटा प्रतिनिधिसभाको मतगणना सम्पन्न भएको छ। सम्पन्न मतपरिणाम अनुसार नेपाली काँग्रेसले दुई वटा प्रतिनिधिसभा क्षेत्रमा निर्वाचित भएको छ भने जसपा र जनमत पार्टीले एक/एक क्षेत्र जितेको छ।

प्रतिनिधिसभा क्षेत्र नं. १ मा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह बिजयी भएका छन्। घोषित परिणाम अनुसार साहले २३ हजार ५ सय ६४ मत ल्याउँदा उनका निकटत्तम प्रतिद्वन्दी जयकान्त राउतले १९ हजार ९ सय ९२ मत प्राप्त गरे। उनी प्रतिनिधिसभा क्षेत्र नं. २

*बाँकी अन्तिम पृष्ठमा*

## चार क्षेत्रमा जनमत तथा एक/एकमा एमाले, काँग्रेस, नेकपा एस र स्वतन्त्र

## मो. समिम र गोबिन्दले दोहऱ्याए, अनिरुद्ध बागि बनेर जिते



**राजकुमार लेखी (नेकपा एमाले)**
**प्रदेशसभा सदस्य सप्तरी १ (१)**



**मो. सकिल मियाँ (जनमत)**
**प्रदेशसभा सदस्य सप्तरी १ (२)**



**सतिश सिंह (जनमत)**
**प्रदेशसभा सदस्य सप्तरी २ (१)**



**महेश प्रसाद यादव (जनमत)**
**प्रदेशसभा सदस्य सप्तरी २ (२)**



**मो. समिम (नेपाली काँग्रेस)**
**प्रदेशसभा सदस्य सप्तरी ३ (१)**




**शम्भु साह (जनमत)**
**प्रदेशसभा सदस्य सप्तरी ३ (२)**



**गोविन्द बहादुर न्यौपाने (नेकपा एस)**
**प्रदेशसभा सदस्य सप्तरी ४ (१)**



**अनिरुद्ध प्रसाद सिंह (स्वतन्त्र)**
**प्रदेशसभा सदस्य सप्तरी ४ (२)**

**राजविराज**/सप्तरीको ८ वटा प्रदेशसभा क्षेत्र मध्ये जनमत पार्टीले ४ वटा क्षेत्रमा निर्वाचित भई पहिलो भएको छ भने नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा एसले एक/एक प्रदेशसभा क्षेत्रमा जित निकालेको छ। यस्तै एउटामा स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन्।

जिल्लाको क्षेत्र नं १ को १ मा प्रदेशसभा सदस्य पदमा नेकपा

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### दलहरुले दिएको मतदाता शिक्षाले एउटा पार्टीलाई मात्र फाइदा

यही मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मतदाता शिक्षा प्रभावकारीबिहीन भएको छ । यस निर्वाचनमा निर्वाचन आयोगबाट थारै समयका लागि दिइएको मतदाता शिक्षा प्रभावकारी भएन् । राजनीतिक दलहरु मत माग्ने बेलामा नमूना मतपत्रमार्फत नै थोरै भएपनि शिक्षा दिन भ्याएका थिए । आफ्नो पार्टीको एजेन्डा र घोषणापत्र सँगै उनीहरु मतदातालाई मत खसाल्ने बारे जानकारी दिएका थिए । तर उनीहरु आफ्नो र पार्टीको मात्र मत मागेका थिए । जसले गर्दा मतदाता शिक्षा बारे थोरै भएपनि मतदाताले पाएका थिए ।

मुलुक प्रदेश संरचनामा रहेको बेला यो दोश्रो निर्वाचन थियो । यसअघिको पहिलो निर्वाचनमा एक महिनासम्म मतदाता शिक्षा दिइएको थियो । तर यस पटक निर्वाचन आयोगले मतदाता शिक्षा र मतदान प्रक्रियाबारे खासै जानकारी दिन सकेको थिएन् । सिधै मतदान प्रक्रियामा गएको देखियो । जसले गर्दा पुरानो मतदाताहरुलाई मत खसाल्न समस्या नभएपनि नयाँ मतदातालाई समस्या हुने देखिएको थियो ।

उम्मेदवारहरुले मात्र मतदाता शिक्षा र मतदान गर्ने बारे पनि सिकाए त्यो एउटा दलको उम्मेदवारलाई मात्र लाभ हुने देखिन्छ । तसर्थ निर्वाचन आयोगले यस्ता कमजोरीहरुलाई भविष्यमा सच्याउनु आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोना, डेंगु र पेन्डोराको पुनर्जन्म

**प्रकाशप्रसाद उपाध्याय**



अहिले पनि देशमा डेंगुको संक्रमण दर बढिरहेकै छ, मानिसहरूमा कोभिड–१९को त्रास सकिएको छैन, चीनलगायत अनेक देशहरूमा जसरी यसको लहर कायमै छ । त्यसलाई हेर्दा कतै यो पेन्डोराले खोलेको बाकसको दुष्प्रभाव त होइन भन्ने भाव उत्पन्न हुन्छ ।



दसैं, तिहार एवम् छठ पर्वको रौनक समाप्त भएको छ । सबै आ-आफ्ना काम र व्यवसायमा फर्किसकेका छन् । काठमाडौंका सडकमा वाहन र मानिसहरूको संख्यामा निरन्तर वृद्धि भइरहेको छ । सार्वजनिक यातायातका वाहनमा यात्रीको घुइँचो देखा पर्न थालिसकेको छ । जन-जीवनले सामान्य रूप लिएको बुझिन्छ ।

विगत केही सातादेखि कोभिड-१९को विन्दुरेखाबाट संक्रमण र मृत्युदर घटिरहेको सुखद संकेत पाइँदैछ । यद्यपि बेला-बेलामा यस विन्दुरेखाले उकालो चढेको वा मृतकहरूको सम्बन्धमा समाचार सुन्नु परे पनि यस पालीको लहर पहिलेको लहरसरह गम्भीर देखिएको छैन । यसको प्रमुख कारण सुरक्षा कवचको रूपमा मानिसहरूले लगाएका खोप र बुस्टर डोज हुन सक्तछ ।

तर विश्व स्वास्थ्य संगठनले जारी गरेको एउटा सूचनाअनुसार आउँदो जाडोको मौसममा रुघा-खोकीका साथ कोरोनाको संक्रमण बढ्ने पूरा सम्भावना छ । अब जाडोको मौसम सुरु भइसकेको हुँदा मौसममा प स्रिवर्तन हुन थालेको छ तर देश अहिले पनि पूर्ण रूपमा कोरोनामुक्त नभइसकेको हुँदा नाक-मुखलाई ढाक्नको निम्ति मास्क लगाउनु, हातलाई सेनेटाइजर दल्दै किटाणुको संक्रमण हुनबाट जोगाउनु र आफूलाई चिसोबाट जोगाउनु हितकर हुनेछ ।

यसको अतिरिक्त अहिले सबैका लागि चिन्ताको ठूलो कुरो भएको छ डेँगु, जसको उच्चारण डेँगीको रूपमा पनि गर्ने गरिन्छ । एउटा विशेष खालको लामखुट्टेको टोकाईबाट यो रोग फैलिने गर्दछ । यसले देशभरि भय र त्रासको वातावरण उत्पन्न गरिरहेछ । किनभने यसको उपचार छैन अरे ।

डाक्टरहरूका भनाइअनुसार ज्वरो घटाउने औषधि, तरल पदार्थको बढी सेवन र विश्राम नै यसको उपचार हो । बाहिर ननिस्की नहुनेले लामखुट्टेको टोकाईबाट आफूलाई जोगाउन विशेष खालको मलम लगाउनु र राति सत्दा झुलभित्र सुत्नु नै यसबाट जोगिने उपाय हो पनि भनिन्छ ।

वैज्ञानिकहरूले मानव कल्याणका लागि जब हैजा, औलो ज्वरो, टीबी, प्लेग, टिटानस, डिप्थेरिया, पोलियो, प्यारालाइसिस, विफर, कोभिड-१९ जस्ता भयावह संक्रामक र प्राणघातक रोगहरूको खोप वा खाने औषधिको आविष्कार गरे । तर डेंगुको हालसम्म खोप बनेको छैन ।

खुशीको कुरा अमेरिकी शोधकर्ताहरूले डेंगु रोगको निराकरणका लागि पनि खोप निकाल्ने अभियानमा सफलता पाएको खबर आएको छ । तर यस क्षेत्रमा यो कहिलेसम्म आइपुग्ने हो यो एउटा यक्ष प्रश्न भएको छ ।

किशोरावस्थाको स्कूले जीवनमा हामीले एउटा कथा पढेका थियौं । शीर्षक थियो- पेन्डोरा बक्स । विश्वभरिका मानिसहरू जसरी विभिन्न किसिमका भाइरस र विषाणुहरूको संक्रमणबाट ग्रस्त भई वृहत् स्तरमा ज्यान गुमाइरहेका छन् र नयाँ-नयाँ प्राणघातक रोगहरूका सिकार हुन थालेका छन्, त्यसले गर्दा आज त्यस पेन्डोराको सम्झना हुन थालेको छ । पेन्डोरा बक्स जसले खोलेको थियो, उसको बाकस भित्रबाट विभिन्न थरिका रोगका विषयुक्त किटाणुहरू निस्केका थिए अरे ।

अहिले पनि देशमा डेंगुको संक्रमण दर बढिरहेकै छ, मानिसहरूमा कोभिड-१९को त्रास सकिएको छैन, चीनलगायत अनेक देशहरूमा जसरी यसको लहर कायमै छ । त्यसलाई हेर्दा कतै यो पेन्डोराले खोलेको बाकसको दुष्प्रभाव त होइन भन्ने भाव उत्पन्न हुन्छ ।

आम भाषामा कोभिड-१९ भनिए पनि विभिन्न देशहरूमा यसले बेग्ला-बेग्लै नाउँ पाइराखेको छ, जस्तै ब्रिटेनको यस प्रजातिले अल्फा, दक्षिण अफ्रिकाको प्रजातिले बिटा, ब्राजिलमा गामा र भारतको लाई डेल्टा नाउँ दिइएको छ भने नेपालमा देखिएको प्रजातिलाई डेल्टा र कप्पाको नाउँ दिइयो । कुनै देशमा यो इबोला पनि भनिन्छ ।

यसरी यसले ठाउँ र जलवायुअनुसार आफ्नो नाउँ पनि नयाँ-नयाँ पाएको छ । कोरोनाका विभिन्न जात र भेरियन्टसले नपुगेर, मङ्कीपक्स, सार्स-२, बर्ड फ्लु, स्वाइन फ्लुजस्ता विभिन्न किसिमका विषाणु र भाइरसहरूको जन्म र प्रसारले समेत मानव जातिसामु नयाँ-नयाँ चुनौती उत्पन्न गरिरहेका छन् । मानव जातिलाई भयाक्रान्त पारिरहेका छन् ।

यी सबैलाई हेर्दा कतै पेन्डोराले पुनर्जन्म लिएर मानव जातिको अस्तित्वमाथि नै संकट त उत्पन्न गरिरहेको होइन भन्ने विचार पनि उत्पन्न हुने गर्दछ । तर सतर्कता अपनाउँदै, स्वच्छताको नियमहरूको पालन गर्दै र अस्वस्थता अनुभव हुनासाथ समयमा औषधि उपचार गराउँदै हामीले यस चुनौतीको सामना गर्न र आफूलाई सुरक्षित राख्न सक्तछौं । रातोपाटीबाट

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**रुपनी गाउँपालिका**
**रुपनी, सप्तरी**

# कसरी गर्न सकिन्छ सार्वजनिक शिक्षामा सुधार ?

डा.शिवराज पण्डित



नेपालको सन्दर्भमा कम चर्चा तथा प्राथमिकतामा परेको क्षेत्र हो सार्वजनिक शिक्षा । आधुनिक नेपाल (वि.सं.२००७ साल) को सुरुवातसँगै नेपालमा सार्वजनिक शिक्षाको सुधारका केही प्रयासहरु भए । तर ती प्रयास प्रायः असफल नै रहे ।

२०६२/०६३ पछि नयाँ व्यवस्था अनुकूलको शैक्षिक व्यवस्था स्थापना गर्ने उद्देश्यले २०७५ सालमा शिक्षामन्त्रीको अध्यक्षतामा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भयो । खुबै चर्चा पाएको उक्त आयोगले आफ्नो प्रतिवेदन तत्कालीन केपी ओलीको नेतृत्वको सरकारलाई बुझायो । त्यो प्रतिवेदनको औचित्य पूर्ववर्ति ओली सरकारले पनि देखेन र वर्तमान सरकारले पनि सार्वजनिकीकरण गर्न आवश्यक ठानेन । यसले शिक्षामा थप अन्यौल सिर्जना गरेको छ ।

शिक्षाका सरोकारवालाहरूले सार्वजनिक शिक्षालाई कसरी सुधार्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न तर्क अघि सार्दै आएका छन् । पहिलो तर्क शैक्षिक प्रणाली नै त्रुटीपूर्ण भएकाले आमूल परिवर्तन आवश्यक छ, दोस्रो शैक्षिक प्रणाली भित्रका संरचना, नीति नियम प्रभावकारी रुपले परिचालित नभएका कारण समस्यादेखिएका हुन् । र, तेस्रो विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षणविधिका बीच तालमेल हुन नसकेका कारण विद्यालय शिक्षामा सुधार हुन नसकेको हो ।

माथि चर्चा गरिएका यी तीन तथ्य र अवस्थामा हामी कहाँ चुक्यौं या अल्मलियौं त ? प्रणालीमा, पाठ्यक्रममा या शिक्षण सिकाइ प्रक्रियामा ? पछिल्ला दिनमा केही शिक्षाविद्ले केही फरक र मौलिक धारणा अघि सारेको पाइन्छ । हाम्रा पाठ्यक्रम स्तरीय र अन्तर्राष्ट्रिय स्तरका छन् तर पाठ्यक्रममा भएका विषयवस्तुलाई सिकारु समक्ष सहज ढंगले पुऱ्याउने तरिका या शिक्षण विधिमा समस्या छ । त्यसकारण सार्वजनिक शिक्षामा सुधार नभएको हो ।

विधिको सरल अर्थ हो तरिका । शिक्षण विधिलाई सिकाइको महत्वपूर्ण अंग मानिन्छ । सिकाइको सन्दर्भमा विधि भन्नाले पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुलाई सरल ढंगले निर्धारित समयमा सिकारु समक्ष पुर्याउने कलालाई बुझाउँछ । अर्थात् शैक्षिक विधि त्यो साधन हो, जुन शिक्षक र विद्यार्थीका बीचमा संचालित शिक्षण सिकाइ क्रियाकलाप हो, जसको माध्यमबाट सिकाइ उद्धेश्य प्राप्त गर्न तथा सिकाइ अनुभव हासिल गर्न निर्देशित गरिन्छ ।

सिकाइ प्रक्रिया या तरिकाका विभिन्न मान्यता छन् । परम्परागत सिकाइ विधिमा शिक्षकले आफूले जानेको या घोकेको विषयवस्तुलाई कक्षा कोठामा भन्नु या व्यक्त गर्नुलाई जनाउँछ भने आधुनिक शिक्षण विधिको अर्थ आफूले सिकेका कुरालाई विद्यार्थीहरुको व्यवहारिक जीवनमा लागु गर्न सिकाउनुलाई जनाउँछ । हाम्रो शैक्षिक प्रणालीको दोष यहीँनेर देखिन्छ । दक्ष भनिएका शिक्षकले अध्यापन गरेका विद्यार्थीले किताबी ज्ञानलाई व्यवहारमा उतारेको देखिन्न । यसरी पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तु राम्रा भएपनि कक्षाकोठामा सिकेका ज्ञान सीपलाई कसरी व्यवहारिक जीवनमा जोड्ने ? यही विषय नै नेपालको शैक्षिक प्रणालीमा देखिएको गम्भीर समस्याको रुपमा लिन सकिन्छ ।

नेपालका सार्वजनिक विद्यालयमा गरिएका विभिन्न अध्ययनले के देखाएको छ भने नेपालका कतिपय विद्यालयमा शिक्षण मात्र हुन्छ, सिकाई हुँदैन । कतिपय विद्यालयमा सिकाई मात्र हुन्छ, शिक्षण हुँदैन । त्यस्तै कतिपय विद्यालयमा शिक्षण र सिकाई दुवै हुँदैन । केही सीमित विद्यालयमा शिक्षण र सिकाई दुवै हुन्छ । शिक्षण र सिकाई दुवै हुने गरेका विद्यालयको नतिजा र गुणस्तर दुवैमा अब्बल मानिँदै आइएको छ ।

शिक्षणमा सामान्यतः के मान्यता राखिन्छ भने जबसम्म सिकाई हुँदैन, तबसम्म शिक्षण भएको मानिँदैन । नेपालका अधिकांश विद्यालयमा शिक्षण भएपनि सिकाई भएको देखिन्न । त्यसकारण हाम्रा शिक्षण संस्थाबाट उत्पादित जनशक्ति श्रम बजारमा बिक्दैनन् ।

हालै किङ्स कलेजका प्रेसिडेन्ट नरोत्तम अर्यालले उक दैनिकमा शिक्षासम्बन्धी लेखमा अमेरिका र बेलायतका केही नाम चलेका विश्वविद्यालय र कलेजका पाठ्यक्रमसँग नेपालको त्रिभुवन विश्वविद्यालयले निर्धारण गरी पठन-पाठनसंग तुलना गरी लेख लेखेका छन् । उनको विचारमा विकसित देशका विद्यालय/महाविद्यालयमा पठन-पाठन हुने पाठ्यक्रम र हाम्रो पाठ्यक्रमका बीच खासै तात्विक भिन्नता देखिदैन । उनले नेपालका शिक्षण संस्थाहरुमा ज्ञानलाई व्यवहारसँग जोड्ने शिक्षणविधि या सिकाई प्रक्रिया नै प्रभावकारी नभएको जिकिर गरेका छन् ।

यसरी विधि र प्रक्रियामा अमेरिका र बेलायतका शिक्षण संस्था र हाम्रा शिक्षण संस्थाबीच फरक देखिन्छ । अर्यालको तर्क छ, पाठ्यक्रम, शिक्षक र विद्यार्थी तीनै पक्ष अब्बल हुँदाहुँदै पनि शिक्षण सिकाई विधि अब्बल भएन भने शिक्षा व्यवहारिक र अर्थपूर्ण हुँदैन । नेपालका शिक्षण संस्थामा प्रयोगमा ल्याइएका पाठ्यक्रम विदेशी विद्यालय/महाविद्यालयको समकक्षी हुँदाहुँदै पनि शिक्षण सिकाई प्रभावकारी नभएका कारण विद्यार्थीमा जुन हिसावले ज्ञान र सीपको स्थानान्तरण हुनुपर्ने हो, त्यो हुन सकेको छैन ।

पश्चिमा देशमा सार्वजनिक शिक्षाको विषयमा धेरै बहस र अनुसन्धान भएका छन् । त्यसबाट प्राप्त निष्कर्षले त्यहाँको विद्यालय शिक्षा व्यवहारिक र जीवनोपयोगी देखिन्छ । यद्यपि विद्यालय शिक्षालाई समय सुहाउँदो, सर्वसुलभ र व्यवहारिक बनाउने सवालमा निरन्तर बहस र तद्नुरुपको खोज हुँदै आएको देखिन्छ । यी खोजका अधिकांश शीर्षक शिक्षण सिकाइसँग सम्बन्धित हुने गरेको देखिन्छ ।

अमेरिकी विश्वविद्यालयका प्रोफेसर जोनहल्टको यो भनाईले पनि त्यही कुरालाई पुष्टि गर्दछ, “राम्रो व्यवस्था वास्तविक सिकाइबाट मात्र पैदा हुन सक्दछ, त्यस्तो सिकाई जसले केटाकेटीको उत्सुकता शान्त पारोस्, जो केटाकेटीलाई आफ्नो जीवन र आफू बसिरहेको दुनियाँ बुझ्न सहायक होस्, जसले उनीहरुको विपन्न जिन्दगीलाई अलि राम्रो बाँच्न लायक बनाउन मद्दत गरोस् ।”

प्रोफेसर हल्टले अमेरिकी शिक्षा कमजोर हुँदै जानुका कारण बारेमा गरिएको खोजको निश्कर्ष यसरी निकालेका छन्, “जुन शिक्षकले स्कुललाई पूर्व अमेरिकीबाट हातमा लिए, ती सबै निम्न मध्यम वर्गीय, गैरबुद्धिजीवी विरोधी पृष्ठभूमिबाट आएका थिए । र, शिक्षालाई पनि प्रशासनिक सेवाको एउटा अंग मान्दथे । उनीहरु शिक्षामा रुचि भएर वा महत्व दिएर शिक्षा सेवामा प्रवेश गरेका थिएनन् । जो मानिस यस्ता क्षेत्रबाट आउँछन्, तिनीहरु असल शिक्षक बन्न सक्दैनन् । उनीहरु भर्खर भर्खर गरिबीको रेखामुनिबाट उठेका हुन्छन् । त्यसैले गरीबका केटाकेटीलाई भय, घृणा र अवहेलनाको दृष्टिबाट हेर्दछन्, चाहेर पनि उनीहरुले तिनको भावनालाई लुकाउन सक्दैनन् ।”

अमेरिकी विद्यालयहरुमा खस्कँदो शिक्षाको अवस्थाका बारेमा गरिएको अध्ययन नेपालको विद्यालय शिक्षामा पनि अनुकरणीय देखिन्छ । नेपालका विद्यालयमा कार्यरत प्रायः सबै शिक्षक निम्नमध्यम वर्गीय परिवारका, कहीँकतै अवसर नपाएकाहरु रहेका छन् । उनीहरुले विद्यार्थीहरुमा नयाँ ज्ञान र सीप हस्तान्तरण गर्नुको सट्टा आफ्ना कुण्ठा विद्यार्थीसमक्ष राख्दछन्, जसको कारण शिक्षण सिकाई प्रभावकारी हुन सकेको छैन ।

ज्ञान जीवित मानिसहरुको दिमागको एउटा प्रक्रिया हो । हामी के हो, कहाँ छौं ? हाम्रो वरपर के भैरहेको छ ? भनेर जान्ने प्रयासमा बालबालिकालाई जति उत्प्रेरित गर्न सक्यो, त्यति नै उनीहरुको ज्ञान र सीपको भण्डार बढ्दै जाने हो । ज्ञानको भण्डारलाई जोड्ने काम सिकाई विधिबाट मात्र संभव हुन्छ । शिक्षकले विद्यार्थी/बालबालिकाहरुलाई सिकाउने ज्ञान (सिकाइ) उसको जिन्दगीलाई जोड्ने खालको हुनुपर्दछ । सिकाइले बालबालिकाहरुको जिन्दगीलाई जोड्न सकेन भने त्यो सिकाई अपूर्ण हुन्छ । हाम्रा शिक्षण संस्थाहरुले यस्तै अपूर्ण ज्ञान सिकाइरहेका छन् ।

शिक्षा व्यवहारिक र भविष्यदृष्टि हुनुपर्दछ । एउटा सिकारुका लागि शिक्षा साधन मात्र होइन, साध्य पनि हो । शिक्षा आफैमा जीवन पनि हो । शिक्षालाई व्यवहारिक र भविष्यदृष्टि बनाउने काम निर्दिष्ट पाठ्यक्रमले मात्र गर्दैन । त्यसलाई जीवन्तता दिने काम प्रभावकारी सिकाई विधिबाट मात्र संभव हुन्छ ।

नेपालका विद्यालयहरूको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरुलाई तालिम दिने प्रचलनको सुरुवात नयाँ शिक्षा (२०२८) लागू भएदेखि हुँदै आएको छ । शिक्षक तालिमका लागि राज्यले अरबौं लगानी पनि गरेको छ । तर राज्यको लगानी बालुवामा पानी हालेजस्तो भएको छ । शिक्षकहरुले तालिमलाई व्यक्तिगत फाइदाको प्रयोजनका लागि (प्रमोसन, ग्रेडवृद्धि जस्ता कार्य) मात्र प्रयोगमा ल्याएको देखिन्छ ।

शिक्षणलाई प्रभावकारी बनाउने सवालमा शिक्षकहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सीप बालबालिकाहरुको पठन-पाठनमा प्रयोग गरी शिक्षण सिकाइमा सुधारमा आएको देखिन्न । शिक्षकले तालिमबाट प्राप्त गरेको सीप वास्तविक शिक्षणमा प्रयोगमा ल्यायो कि ल्याएन भनी अनुगमन गर्ने प्रभावकारी संयन्त्र पनि छैन । संघीय संरचनाअनुसार विद्यालय शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएपछि भने विद्यालय शिक्षा झन अस्तव्यस्त बन्दै गएको देखिन्छ ।

रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# घर पछाडि भेटियो सर्वाधिक ठूलो डाइनासोरको अवशेष, पोर्चुगलका व्यक्ति चकित



पोर्चुगलको पोम्बल शहरमा बस्ने एक व्यक्तिलाई आफ्नो घर पछाडि केही संरचना बनाउन मन लाग्यो । उनले जग बनाउनका लागि खन्न सुरु गरे । खन्दै गर्दा उनले अचम्मका र निकै ठूल्ठूला हड्डी देखे । उनी हैरान भए । उनले तत्काल लिस्बन युनिभर्सिटीका वैज्ञानिकलाई त्यसको फोटो पठाएर जानकारी दिए । विश्वविद्यालयका पुरातत्वविद् उक्त स्थानमा पुगे र तत्काल उत्खनन कार्य सुरु गरे ।

यस महिनाको सुरुवातमा स्पेन र पोर्चुगलका प्यालियोन्टोलोजिस्टले उत्खनन काम पूरा गरे । काम पूरा हुनेबित्तिकै उनीहरु चकित परे किनभने जुन अवशेष भेटिएको छ त्यो ८२ फिट लामो छ । यो त्यो डाइनासोरको कंकाल हो जुन १४.५ करोड वर्ष अघि धर्तीमा भएको अनुमान गरिन्छ । अर्थात् युरोपमा हालसम्म भेटिएको विश्वको सबैभन्दा ठूलो डाइनासोर । यसअघि कुनै पनि युरोपेली देशमा यति ठूलो डाइनासोरको अवेशष भेटिएको थिएन ।

पुरातत्वविद्ले अनुसन्धानपछि यो सारोपड प्रजातिको डाइनासोरको कंकाल भएको बताएका छन् । यो चार खुट्टा भएका डाइनासोर शाकाहारी थिए । यिनीहरुले बोट बुट्यान खाने गर्दथे । यसको गर्धन लामो हुन्थे । वास्तवमा यो उत्खनन कार्य पाँच वर्षअघि सुरु भएको थियो । तर बीचमा कोभिडका कारण यो काम रोकिएको थियो ।

वैज्ञानिकले दिएको जानकारी अनुसार यहाँ जुन डाइनासोरको कुरा भइरहेको छ, ती १० करोड वर्षदेखि १६ करोड वर्षसम्म धर्तीमा घुम्ने गर्दथे । यो त्यहि समय थियो जब उत्तरी अमेरिकामा ब्राचियोसरस अल्टिथोरेक्स र अफ्रिकामा जिराफटिट्यान ब्रान्काई घुम्ने गर्दथे । त्यतिबेला पोर्चुगलको पश्चिमी इलाकामा लुसोटिटेन अटलेन्सिस पनि थिए ।

जुन अवशेष भेटियो त्यसको अनुसन्धान गरेपछि वैज्ञानिकले डाइनासोरको उचाई १२ मिटर र लम्बाई २५ मिटर भएको जानकारी दिएका छन् । लिस्बन युनिभर्सिटीमा पोस्टडक्टरल रिसर्चर एलिसाबेटे मालाफियाले यसलाई एउटा निकै ठूलो विचित्र खोज बताएकी छिन् । उनले भनिन्, 'यो कंकाल जुन अवस्थामा भेटिएको छ, त्यसमार्फत् हामी उक्त डाइनासोरको थ्रीडी बडी स्ट्रक्चर बनाउन सक्छौं । उसको शरीरको आन्तरिक हिस्साको नक्सा तयार पार्न सक्छौं ।'

एलिसाबेटेले यो जिवाश्मलाई लिस्बन युनिभर्सिटी लगिनेसमेत जानकारी दिइन् । उनले भनिन्, 'यसलाई सुरक्षित तरिकाले राख्न, यसबारे अन्य विभिन्न खालका अध्ययन गर्नका लागि हामीले यसलाई लिस्बन युनिभर्सिटी लैजान लागेका हौं । हाल यसको शरीरका ठूला हड्डीलाई सुरक्षित तरिकाले पुर्याइसकिएको छ । यसका करङ र पिठ्यूँका हड्डी युनिभर्सिटी पुगिसके । त्यसपछि साना हड्डी पुर्याइनेछन् । यसलाई युनिभर्सिटीमा त्यसै क्रममा राखिनेछ जुन क्रममा भेटिएका थिए । त्यसपछि हामी आसपासका इलाकामा उत्खनन कार्य गर्नेछौं ।'

वैज्ञानिकका अनुसार केही हिस्सा यस्ता छन् जसलाई प्रयोगशालाको रुपमा हेरिन आवश्यक छ । यहाँका माटो र धुलोको कण निकालेर अनुसन्धान गर्नुपर्छ । यो खोज सारोपोड्स डाइनासोरबारे अध्ययन गर्नका लागि निकै जरुरी भएको वैज्ञानिकले बताएका छन् । एजेन्सी

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५





डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# संसारकै सबैभन्दा महंगो औषधि : एक डोजको पर्छ ४५ करोड बढी, केको उपचारमा हुन्छ प्रयोग ?

अमेरिकाको फूड एन्ड ड्रग एडमिनिस्ट्रेशन (एफडीए) ले हालै विश्वको सबैभन्दा महंगो औषधिलाई स्वीकृत गरेको छ। 'हेमजेनिक्स' नामको यो औषधिको एक डोजको मूल्य ३५ लाख डलर अर्थात ४५ करोड नेरुभन्दा बढी रूपैयाँ पर्छ। यो हेमोफिलिया-बीका बिरामीहरूको उपचारमा प्रयोग हुनेछ।




हेमोफिलिया एक आनुवंशिक रोग हो, जसका विभिन्न प्रकारहरू पाइएका छन्, तर यीमध्ये हेमोफिलिया बी एकदम दुर्लभ हुन्छ। यसमा व्यक्तिको रगत जमाउने प्रोटिनको कमी हुन्छ।

'क्लोटिंग फ्याक्टर' पनि भनिने यो प्रोटिनको कमी हुने यसका रोगीलाई सानो चोट लागेमा रगत निरन्तर बगिरहन्छ। अत्याधिक रक्तस्रावका कारण मानिसको ज्यान समेत जान सक्छ। हेमोफिलिया भएपछि मुख्य समस्या नै रगत नजम्ने हुन्छ।

**नयाँ औषधिको एक डोजले दिन्छ राहत**

एफडीएका अनुसार हेम्जेनिक्स औषधि हेमोफिलिया-बीका बिरामीका लागि निकै प्रभावकारी साबित हुनेछ। यो महंगो हुनसक्छ, तर एक डोज हेमजेनिक्सको मूल्य अमेरिकामा हेमोफिलिया भएका बिरामीले जीवनभरको उपचारको लागि खर्चने २.१ देखि २.३ करोड डलरभन्दा निक्कै कम हो। बेलायतजस्ता देशमा यसको उपचार केही सस्तो छ।

तथापि, एफडीएले यो रोगबाट बच्न औषधिको कति डोज सक्षम हुनेछ भन्ने जानकारी दिएको छैन। तर, जानकारका अनुसार यो औषधिको एक डोज धेरै वर्षसम्म रगत बग्न रोक्छ र रगत जमाउन सुरु गर्छ।

**हाल हेमोफिलियाको उपचार कसरी गरिँदै आएको छ ?**

अहिले हेमोफिलिया भएका बिरामीले आफ्नो रगत जमाउने क्लटिङ फ्याक्टर बदल्नुपर्छ। सामान्यतयाः यो उपचार सबै ठाउँमा उपलब्ध छ। यस प्रक्रियामा, क्लटिंग फ्याक्टर बिरामीको नसामा इन्जेक्सनमार्फत हालिन्छ। यो उपचार जीवनभर निरन्तर गर्नुपर्छ। यसका साथै चिकित्सकको सल्लाह लिएर अत्याधिक रक्तश्राव हुनबाट बच्न वा रोक्न पनि सावधानी अपनाइन्छ।

हाल आएको नयाँ औषधिले हेमोफिलिया भएका बिरामीहरूमा धेरै वर्षसम्म रक्तस्राव कम गर्नेछ र रगत जम्न मद्दत गर्नेछ।

**हेमोफिलियाबाट पुरुष बढी पीडित हुन्छन्**

एफडीएका अनुसार, हेमोफिलियाले प्रत्येक ४० हजार मानिसमा एक जनालाई असर गर्छ, अर्थात् विश्वको १५ प्रतिशत मानिसहरूल्लाई यसबाट पीडित छन्। यो समस्या महिलालाई भन्दा पुरुषमा बढि देखिन्छ। एक अनुमान अनुसार अमेरिकामा करिब ८ हजार पुरुष यो रोगको सिकार भएका छन्।एजेन्सी

# प्रत्यक्षतर्फ कांग्रेस अगाडि

**काठमाडौं**/प्रतिनिधि सभाको प्रत्यक्षतर्फका कूल एक सय ६५ निर्वाचन क्षेत्रमध्ये हालसम्म एक सय १८ स्थानमा अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ कांग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो र नेकपा (माओवादी केन्द्र) तेस्रो स्थानमा छन्।

हालसम्म नेपाली कांग्रेस ३९ स्थानमा विजयी भएको छ। एमाले ३२, माओवादी केन्द्र १३, एकीकृत समाजवादी सात, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी पाँच/पाँच, लोकतान्त्रिक समाजवादी पार्टी चार, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी एक/एक तथा पाँच स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

आयोगका अनुसार जारी मतगणनामा कांग्रेस १५, एमाले ११, माओवादी केन्द्र पाँच, एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टी तीन/तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टी दुई/दुई, जनता समाजवादी पार्टी एक स्थानमा अगाडि छन्। दोलखा, स्याङ्जा र बाजुराका तीन क्षेत्रमा मतगणना हुन सकेको छैन।

प्रदेशसभाको प्रत्यक्षतर्फ कांग्रेस चार, एमाले दुई र माओवादी केन्द्र एक प्रदेशमा अगाडि छन्। बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा कांग्रेस अगाडि छ। प्रदेश नं १ र मधेसमा एमाले तथा सुदूरपश्चिम प्रदेशमा माओवादी केन्द्र अगाडि छ।

प्रदेश नं १ मा एमाले १८, कांग्रेस ११, माओवादी केन्द्र छ, राष्ट्रिय प्रजातन्त्र पार्टी दुई स्थानमा विजयी भएका छन्। मधेसमा एमाले १२, कांग्रेस १२, जसपा आठ, लोसपा सात, जनमत पार्टी छ, माओवादी चार र स्वतन्त्र छ स्थानमा विजयी भएका छन्।

बागमतीमा कांग्रेस १८, एमाले नौ, माओवादी सात, राप्रपा पाँच, एकीकृत समाजवादी चार, नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टी एक/एक स्थानमा विजयी भएका छन्। गण्डकीमा कांग्रेस १४, एमाले १२, माओवादी केन्द्र तीन र एकीकृत समाजवादी एक, लुम्बिनीमा कांग्रेस १४, एमाले १२, माओवादी चार, जसपा, नागरिक उन्मुक्ति पार्टी र लोसपा दुई/दुई, राप्रपा र जनमत पार्टी एक/एक तथा स्वतन्त्र तीन स्थानमा विजयी भएका छन्।

कर्णाली प्रदेशमा कांग्रेस र माओवादी छ/छ, एमाले दुई र स्वतन्त्र उम्मेवार एक तथा सुदूरपश्चिम प्रदेशमा माओवादी सात, कांग्रेस छ, नागरिक उन्मुक्ति पार्टी र एमाले दुई/दुई तथा स्वतन्त्र उम्मेदवार एक स्थानमा विजयी भएका छन्।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## अन्तर्राष्ट्रिय समाचार

### सोमाली सेनाद्वारा १५ अल-शबाब लडाकु मारिए

**मोगादिसु**/अन्तरराष्ट्रिय साझेदारको समर्थनमा रहेको सोमाली सुरक्षा बलले शुक्रबार दक्षिणी सोमालियामा गरेको स्टिङ अपरेसनमा अल-शबाबका १५ लडाकू मारिएका छन्।

सूचना, संस्कृति तथा पर्यटन मन्त्रालयले सोमालियाको राजधानी मोगादिसुबाट जारी गरेको विज्ञप्तिअनुसार मध्यसोमालियाको गलगादुड क्षेत्रको कयिबमा गरिएको असफल आक्रमणमा अल-शबाब लडाकुको सङ्ख्यामा मृत्यु भएको हो।

"खावारीज (अल-शबाब)ले राष्ट्रिय सेना र स्थानीयलाई आक्रमण गर्ने प्रयास गरेपछि आज बिहान कयिब शहरमा भएको लडाईमा भारी पराजय भएको छ," मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै जनाएको छ।

त्यसैगरी सेनाले तीन कार बम पनि नष्ट गरेको च। असफल आक्रमणको क्रममा दर्जनौं लडाकुलाई मारिएका छन् भने यो क्षेत्र अब पूर्णरूपमा सरकार र स्थानीय सेनाको नियन्त्रणमा छ। एजेन्सी

### युपीको मथुरामा २९ गाई मृत फेला

**मथुरा**/उत्तर प्रदेशको मथुरा जिल्लामा राष्ट्रिय राजमार्ग नजिकै बन्द कन्टेनरमा २९ गाई मृत फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले अलपत्र परेको कन्टेनरमा २९ गाई मरेको र एउटा गाई भने जिउँदै फेला पारेको बताएको छ। उक्त कन्टेनरको चालक फरार रहेको मथुरा सर्कल अफिसर (सीओ) रिफाइनरी हर्षिता सिंहले बताए।

"हामीलाई मथुरा जिल्लाको राष्ट्रिय राजमार्ग नजिकै एउटा बन्द कन्टेनर रोकिएको जानकारी प्राप्त भयो र त्यहाँ पुगेर हेर्दा २९ गाई मृत फेला परेका थिए भने एउटा गाई जिउँदै फेला परेको थियो। चालक भने फरार छन्। मुद्दा दर्ता गरिएको छ," सिंहले भनेका छन्। एजेन्सी

### टेस्लाले चीनबाट करिब १३ हजार मोडल-३ गाडी फिर्ता

**बेइजिङ**/विद्युतीय कार निर्माता कम्पनी टेस्लाले सिट बेल्टको सम्भावित सुरक्षा जोखिमका कारण चीनबाट १२,८६३ मोडल-३ का गाडी फिर्ता गर्न थालेको छ।

फिर्ता गरिने सवारी साधनमा गत १२ जनवरी २०१९ र २२ नोभेम्बर २०१९ बीच उत्पादन भएका २,७३६ आयातित सवारी साधन र अक्टोबरको बीचमा चीनमा उत्पादन भएका १०,१२७ समावेश छन्।

फिर्ता लिइएका सवारी साधनमा बिक्रीपछि मर्मत वा मर्मतसम्भार गर्दा दोस्रो पङ्तिको सिटको बीचको सुरक्षा बेल्ट अनुपयुक्तरूपमा पुनःस्थापना गरिएको बताइएको छ।

सेवा केन्द्रले सेफ्टी बेल्ट पुनःस्थापना गर्दा, बेल्ट बकलका केही निश्चित भाग जडान बोल्टसँग फिक्स नगरिएको र सुरक्षा बेल्टले दुर्घटना नियन्त्रणमा निरोधक भूमिका खेल्न नसक्ने दाबी गरिएको छ। एजेन्सी

### अर्को वर्ष विद्युत कटौती अन्त्य गर्ने श्रीलंकाको योजना

**कोलम्बो**/श्रीलङ्काका ऊर्जामन्त्री कञ्चना विजेसेकेराले शनिबार पत्रकारलाई आगामी जनवरीसम्ममा निर्बाध विद्युत आपूर्ति सुनिश्चित गर्न सबै सम्भावित उपाय अपनाउने बताउनुभएको छ।

श्रीलङ्काले फेब्रुअरी २०२२ देखि दैनिक बिजुली कटौतीको सामना गरिरहेको छ। कुनै बेला दैनिक १३ घण्टासम्मको बिजुली कटौती भएको थियो। जुन अहिले दिनको लगभग दुई घण्टामा घटेको छ।

मन्त्रीका अनुसार सरकारले पछिल्ला केही महिनामा विद्युत् कटौतीलाई ठूलो मात्रामा कम गर्न कदम चालेका छन्।

हरेक वर्ष माघ र असार महिनामा विद्युत महसुल परिमार्जन गर्नु उपयुक्त हुने भन्दै उहाँले विद्युत महसुल परिमार्जन नगरी त्यसो गर्न नसकिने बताउनुभएको छ।

मन्त्रीका अनुसार उनीहरूले सन् २०२३ मा नवीकरणीय ऊर्जालाई बढावा दिने योजना पनि बनाएका छन् र यो श्रीलङ्काका लागि ऊर्जाको उत्तम स्रोत पनि हो। एजेन्सी

# प्रदेशसभामा जसपा, लोसपा र माओवादी शुन्य

**राजविराज**/सप्तरीमा रहेको प्रदेशसभा क्षेत्र मध्ये यस पटक जसपा, लोसपा र माओवादी केन्द्रले एउटै सीट जित्न सकेन ।

आठ वटा निर्वाचन क्षेत्र रहेको जिल्लामा सम्पन्न मतगणना परिणामले जसपा र लोसपाले एउटै जित हासिल गर्न सकेन भने गत निर्वाचन जस्तै यस पटक पनि माओवादी केन्द्रले एउटै सीट जित्न सकेन् ।

प्रदेशसभातर्फ आठ मध्ये पाँच क्षेत्रमा उम्मेदवारी दिएको जसपाले कुनै क्षेत्रमा विजयी हुन सकेन भने लोसपाले एक क्षेत्रबाट र माओवादी केन्द्रले दुई क्षेत्रबाट उम्मेदवारी दिएको थियो ।

# मिलीजुली सरकार निर्माणको अवस्था : ओली

**झापा**/नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अब मुलुकमा मिलीजुली सरकार निर्माण गर्नुपर्ने अवस्था आएको बताउनुभएको छ ।

झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित ओलीले झापाको दमकस्थित निर्वाचन आयोगमा प्रमाणपत्र ग्रहण गर्दै सो धारणा राख्नुभएको हो ।

पूर्वप्रधानमन्त्री ओलीले नेकपा (एमाले)ले मुलुकमा स्थिरता, स्थायित्व कायम गर्न खोजेको तर त्यसअनुसार निर्वाचनको परिणाम भने नआएकाले मिलीजुली सरकार बनाउनेतर्फ राजनीतिक पार्टी लाग्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

उहाँले अबको एक-दुई वर्ष बहुमतको सरकार बनाउन गाह्रो हुने र बहुमतको सरकार बनिहाले पनि टिकाउन गाह्रो हुने उहाँले बताउनुभयो । यो निर्वाचन परिणामले मुलुक अस्थिरतातर्फ जाने खतरा बढेको तर्क गर्नुभयो ।

## चार प्रतिनिधिसभा ...

बाट निर्वाचित डा. सीके राउतका सहोदर दाजु हुन् । तेश्रो स्थानमा रहेका नेपाली काँग्रेसका रामदेव साहले १४ हजार ३ सय १२ मत ल्याए । तेश्रो स्थानमा रहेका साह नेपाली काँग्रेस सप्तरीका सभापति समेत हुन् । मन्त्री साहको दोश्रो प्रयासमा सफलता मिलेको हो । २०७० को संविधानसभामा उनी झिनो मतले पराजित भएका थिए । २०७४ को निर्वाचनमा उनी सप्तरीको निर्वाचन क्षेत्र नं. १ को २ बाट प्रदेशसभा सदस्य पदमा निर्वाचित भएका थिए ।

प्रतिनिधिसभा क्षेत्र नं. २ मा जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई दोब्बर भन्दा बढी मतले पराजित गर्दै जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सिके राउत विजयी भएका छन् । पहिलो पटक चुनावी मैदानमा उत्रेका जनमत पार्टीका अध्यक्ष डा. सिके राउत १८ हजार ६३ फराकिलो मतान्तरले उपेन्द्र यादवलाई पराजित गरेका हुन् । डा.राउतले ३५ हजार ४२ मत ल्याउँदा उपेन्द्रले १६ हजार ९ सय ७९ मत मात्र ल्याए । त्यस्तै सत्ता गठबन्धनका तर्फबाट लोसपाका उम्मेदवार जयप्रकाश ठाकुरले ७ हजार ३ सय ४७ मत प्राप्त गरे । २०७४ मा यस क्षेत्रबाट जसपा (तत्कालिन संघिय समाजवादी फोरम) का अध्यक्ष उपेन्द्र यादवले फराकिलो मतान्तरले जीत हात पारेका थिए । मधेशका दुई प्रभावशाली नेता डा.राउत र यादवले चुनावमा एउटै क्षेत्र रोजेर आमने सामने भएपछि दुबै बीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको थियो । तर, परिणामले त्यस्तो देखाएन । डा.राउतले दोब्बर भन्दा बढी मतले उपेन्द्रलाई हराउदै पुर्व अनुमानलाई गलत सावित भएको छ ।

प्रतिनिधिसभा क्षेत्र नं. ३ नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेशकुमार यादव २६ हजार १ सय ६६ मत ल्याई निर्वाचित भएका छन् । उनका निकटत्तम प्रतिद्वन्दी एमालेका ताराकान्त चौधरी २२ हजार ३ सय मत पाए । तेश्रो स्थानमा जनमत पार्टीका अनिस अन्सारी रहेका छन् । उनले १५ हजार १ सय १४ मत प्राप्त गरे । यादव चौथो पटकको प्रयासमा निर्वाचित भएका हुन् । यसअघि २०६४ को पहिलो र २०७० को दोश्रो संविधानसभा तथा २०७४ को संसदीय निर्वाचनमा पराजयको सामना गरेका थिए । उनी नेपाली काँग्रेस सप्तरीको दुई पटक सभापति समेत भइसकेका छन् ।

प्रतिनिधिसभा क्षेत्र नं. ४ मा नेपाली काँग्रेस नेता तेजुलाल चौधरीले जीतको ह्याट्रिक लगाएका छन् । ६५ वर्षिय चौधरी सप्तरी ४ बाट प्रतिनिधीसभा सदस्यमा निर्वाचित भएका छन् । यो उनको तेश्रो संसदिय यात्रा हो । शनिबार घोषित परिणाम अनुसार चौधरीले जसपाका बालकिशोर यादवलाई ५ हजार ५ सय १४ मतान्तरले पराजित गरेका हुन । चौधरीले २३ हजार ४ सय ९१ मत प्राप्त गरेका छन भने यादवले १७ हजार ९ सय ७७ मत पाए । यस्तै तेश्रो रहेका जनमतका सुकदेव प्रसाद साहले १२ हजार ९ सय २५मत प्राप्त गरे ।

यस क्षेत्रबाट संसदिय निर्वाचनमा लगातार ३ पटक जीत निकाल्ने जिल्लाकै उनी पहिलो प्रत्याशी हुन् । पहिलो पटक उनी २०७० सालको निर्वाचनमा विजयी भएका थिए भने २०७४ सालको निर्वाचनमा पनि उनी सप्तरी ४ बाट विजयी भए ।

## चार क्षेत्रमा जनमत ...

(एमाले)का राजकुमार लेखी ५ हजार एक सय ९८ मतले विजयी भएका छन् । उनले १४ हजार दुई सय ९१ मत ल्याए भने उनका निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका शिवनन्दन मेहताले नौ हजार ९३ मत प्राप्त गरे । तेश्रो स्थानमा रहेका मओवादीका उम्मेदवार बेचन चौधरीले ७ हजार ५ सय ४३ मत प्राप्त गरे ।

यस्तै सोही क्षेत्रको प्रदेशसभा २ मा जनमत पार्टीका मो. सकिल मियाँ विजयी भएका छन् । मियाँले १६ हजार एक सय ६० मत ल्याएर विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टी (जसपा) का सुदम्बर यादवले ९ हजार ८ सय ८८ मत प्राप्त गरे भने नेपाली कांग्रेसका उम्मेदवार बद्रीनारायण महत्मान यादवले ६ हजार ६ सय १० मत प्राप्त गरे ।

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहलाई पराजित गर्दै प्रतिनिधिसभा सप्तरी क्षेत्र नं. २ को प्रदेशसभा १ बाट जनमत पार्टीका उम्मेदवार सतिश कुमार सिंह निर्वाचित भएका छन् । सिंह १६ हजार ७ सय ३४ मत ल्याई निर्वाचित भएका हुन् । उनले नेकपा एमाले-जसपा गठबन्धनका उम्मेदवार साहलाई ८ हजार ४ सय ४२ मतान्तरले पराजित गरे । मन्त्री साहले ८ हजार २ सय ९२ मत मात्र प्राप्त गरे । त्यस्तै, सत्तारुढ गठबन्धनका तर्फबाट उम्मेदबार बनेका लोसपाका सरोज मण्डलले ६ हजार १ सय ३२ मत प्राप्त गरे । गत स्थानियतह निर्वाचनमा सप्तरीको तिलाठी कोइलाडी गाउपालिकामा अध्यक्ष पदमा प्रत्याशी रही पराजय भोगेका सिंह नेपाली काँग्रेसका अरुण मण्डलसंग थोरै मतले पराजित हुन पुगेका थिए । २०७४ सालको गाउँपालिकाको निर्वाचनमा राष्ट्रिय जनता पार्टीबाट अध्यक्ष पद जितेका सिंह गत बैशाख ३० गतेको स्थानीयतहको निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालबाट चुनाव लडेर निकटतम प्रतिद्वन्दी रहेका थिए । उनी लोसपा परित्याग गरि तीन महिना अघि मात्र जनमतमा प्रवेश गरेका थिए ।

यसैगरि प्रतिनिधिसभा सप्तरी क्षेत्र नं. २ को प्रदेशसभा २ बाट जनमत पार्टीकै उम्मेदवार महेशकुमार यादव निर्वाचित भएका छन् । महेश १३ हजार ३ सय २५ मत ल्याई निर्वाचित भएका हुन् । उनी आफ्ना निकटतम प्रतिद्वन्द्वी सत्तारुढ गठबन्धनका तर्फबाट उम्मेदवार बनेका नेकपा माओवादी केन्द्र सप्तरीका अध्यक्ष एवं पूर्व सिंचाई मन्त्री उमेश यादवसँग ६ हजार ३ सय २ मतान्तरले बिजयी भए । उमेशले ७ हजार २३ मत प्राप्त गरे । त्यस्तै, नेकपा एमाले-जसपा गठबन्धनका तर्फबाट उम्मेदबार बनेका जनता समाजवादी पार्टीका लक्ष्मण यादवले ५ हजार ६ सय २१ मत प्राप्त गरेका छन् । २०७४ सालमा उमेश संगै सोही पार्टीबाट प्रदेश २ को २ बाट उम्मेदवार रहेका महेश तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका मनिष सुमन सँग पराजित भई निकटतम प्रतिद्वन्दी रहेका थिए । नेकपा माओवादी केन्द्रले उमेशलाई प्रदेश सभामा उठाएपछि मनोनयन पत्र दर्ताको अघिल्लो दिन जनमत पार्टीमा प्रवेश गरेका थिए ।

यसैगरि सप्तरी प्रतिनिधिसभा क्षेत्र नं. ३ को १ मा नेपाली कांग्रेसका उम्मेदवार मो. समिम विजयी भएका छन् । उनले १० हजार ६ सय ३० मत ल्याएर निर्वाचित भए । उनी यस क्षेत्रबाट लगातार दोश्रो पटक बिजयी भए । उनका निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका उम्मेदवार रामप्रसाद मण्डलले ८ हजार ५ सय ३८ मत प्राप्त गरेका छन् । तेश्रो स्थानमा रहेका एमालेका जोगेन्द्र भगतले ७ हजार ३ सय ४१ मत ल्याए ।

प्रतिनिधिसभा क्षेत्र नं. ३ को प्रदेशसभा २ मा जनमत पार्टीका उम्मेदवार ई. शम्भु साहले निवर्तमान प्रदेशसभा सदस्य विदेश्वर यादवलाई ४८ मतले पराजित गरेका छन् । साहले १० हजार ८ सय ६२ मत प्राप्त गरे भने उनका निकटत्तम प्रतिद्वन्दी यादवले १० हजार ८ सय १४ मत ल्याए । यसैगरि नेपाली काँग्रेसका उम्मेदवार भगवती यादवले ९ हजार २ सय १ मत प्राप्त गरे ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ४ को प्रदेशसभा १ मा एकिकृत समाजवादीका गोविन्द बहादुर न्यौपाने विजयी भएका छन् । न्यौपानेले ११ हजार ४ सय २९ मत ल्याउदा उनका निकटतम प्रतिद्वन्दी जनमत पार्टीका नमेन्दर पासमान ५ हजार ५ सय ५८ मत प्राप्त गरे । त्यस्तै एमालेका बालकृष्ण चौधरीले ५ हजार ८ मत ल्याए । न्यौपाने यस क्षेत्रबाट लगातार दोश्रो पटक बिजयी भएका छन् ।

यस्तै प्रदेशसभा ४ को २ मा जसपाबाट बागि भई स्वतन्त्र उम्मेदवारी दिएका अनिरुद्ध प्रसाद सिंह निर्वाचित भएका छन् । सिहले ९ हजार ९ सय ८५ मत ल्याउदा जसपाकी नेतृ रेणु यादवका छोरा तथा निवर्तमान मधेश प्रदेशसभा सदस्य अभिषेक यादवले ७ हजार ९ सय २० मत प्राप्त गरे । यस्तै जनमतका केशरराज गुप्ताले ५ हजार ६ सय ७३ मत ल्याए भने नेपाली कांग्रेसका उम्मेदवार इन्द्रदेव यादवले ४ हजार ४ सय ९८ मतमै चित्त बुझाए ।

प्रदेशसभा सदस्यको उम्मेदवारका लागि ६३ वर्षीय सिंहको नाम जसपाको वडा समितिबाटै सिफारिस भएको थियो । तर, अभिषेकको नाम वडा तहबाट सिफारिस भएको थिएन । आफ्नो नाम वडा हुँदै नगर तथा जिल्लाबाट सिफारिस भएर माथिल्लो तहमा गए पनि पार्टीले टिकट नदिएपछि बाध्य भएर स्वतन्त्र उम्मेदवारी दिएको सिंहले बताए ।

## पत्रकार महासंघको नवीकरण सम्बन्धी सूचना

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सम्पूर्ण सदस्यज्यूहरुलाई २०७८ र २०७९ सालको नवीकरण गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । नवीकरणको लागि लाग्ने दस्तुर प्रत्येक वर्षको रु. १ हजार गरी दुई वर्षको कूल रु. २ हजार शाखा कार्यालयमा मिति २०७९ मंसिर २० गतेभित्र बुझाई आ-आफ्नो सदस्यता नवीकरण गराउन हुन अनुरोध छ ।

**रामनारायण विश्वास**
**सचिव**


सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा निःशुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं ।

२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*